मिति २०८० मंसिर १० गते आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २०औं बैठकको निर्णयहरु

<u>निर्णय नं. १</u>:- मिति २०८०/०७/२६ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको उन्नाईसौं बैठकबाट स्वीकृत "भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" को कार्यान्वयनमा प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुख एवं प्रमुख जिल्ला अधिकारीहरुबाट प्राप्त सुझाव तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०७/२७ को निर्णय अनुकूल अस्थायी आवास निर्माण अनुदान रकम प्रभावित घरपरिवारले शीघ्र प्राप्त गर्ने गरी रकम निकासा प्रकृयालाई सरलीकृत गरी यथाशीघ्र अस्थायी आवास निर्माण गर्न मिति २०८०/०८/०८ मा माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूको स्तरबाट स्वीकृत भएको संशोधन प्रस्ताव अनुमोदन एवं थप संशोधन सहित स्वीकृत गर्ने ।

<u>निर्णय नं. २</u>:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विभिन्न समयमा तर्जुमा भएका कानूनी व्यवस्थाहरु (प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३; राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् पीडित उद्धार र राहत सम्बन्धी (मानौं संशोधन) मापदण्ड, २०७७) मा भएको प्रावधानलाई संशोधन गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुरुप एकरुपता बनाई तत्काल राहत वितरण, पुनर्निर्माण र पुनर्स्थापनाका कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले सोलाई यथाशीघ्र संशोधन गर्न अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिई प्रकृया बढाउने ।

<u>निर्णय नं. ३</u>:- भूकम्पमा परी सार्वजनिक भवन तथा संरचनाहरु भत्की, चर्की जोखिम रहेकोले अवरुद्ध भएको पठन-पाठन, स्वास्थ्य उपचार तथा सरकारी/सार्वजनिक सेवा प्रवाहलाई सुचारु गरी तत्काल संचालनमा ल्याउन स्थायी संरचना निर्माणमा समय लाग्ने भएकोले अस्थायी सिकाई केन्द्र, बर्थिङ सेन्टर लगायतका स्वास्थ्य उपचार केन्द्र, सरकारी/सार्वजनिक सेवा केन्द्रहरु सडक तथा खानेपानी र सरसफाईका कामहरु सम्बन्धित मन्त्रालय/विभाग/निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयसँग समन्वय गरी श्रोत सुनिश्चितता गरी/गराई अस्थायी संरचना तयार गरी सेवा सुचारु गर्ने । यसका लागि विद्यमान कानूनी व्यवस्थामा गर्नुपर्ने संशोधन यथाशीघ्र तत्-तत् मन्त्रालय मार्फत अगाडी बढाउने, गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आवश्यक समन्वय गर्ने ।

<u>निर्णय नं. ४</u>:- अस्थायी आवास निर्माणको निम्ति पहिलो किस्ता वापतको रकम सम्बन्धित जिल्ला मार्फत स्थानीय तहमा निकासा भईरहेको र यस सम्बन्धी कार्यविधि स्वीकृत तथा परिमार्जन भईसकेको सन्दर्भमा अस्थायी आवास निर्माण कार्य यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने ।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

दिनेश भट्टराई
सचिव

उप-प्रधानमन्त्री तथा गृह मन्त्री
अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

CamScanner